| तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित | | |
|---|---|---|
| **स्थानीय राजपत्र** | | |
| खण्ड १ | संख्या ९ | मिति २०७८।०१।२२ |
| भाग १ | | |

## तामाकोशी गाउँपालिका

**नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

सम्वत् २०७८ सालको ऐन संख्या १

# तामाकोशी खेलकुद विकास ऐन—२०७८

## प्रस्तावना

युवा तथा खेलकुदको विकास देश विकासको महत्वपूर्ण आधार हो भन्ने तथ्यलाई आत्मसात् गर्दै खेलकुदको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गर्नका लागि ग्रामिण क्षेत्रको युवा विकासलाई संस्थागत गरी सदाचार, शिष्टचार र नैतिकता, राष्ट्रिय एकतामा आबद्ध गर्दै खेलकुद प्रणालीलाई व्यवस्थित र प्रभावकारी तवरले सञ्चालन गर्न वाञ्छनीय तथा गुणस्तरयुक्त खेलकुदको विकास र प्रबद्र्धन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन —२०७४ को दफा —११ को उपदफा ४ (क) बमोजिम तामाकोशी गाउँपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो ऐनको नाम "तामाकोशी खेलकुद विकास ऐन—२०७८" रहेको छ ।

(ख) यो ऐन गाउँसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

(२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ऐन भन्नाले " "तामाकोशी खेलकुद विकास ऐन — २०७८" लाई सम्झनु पर्दछ ।

(ख) गाउँपालिका स्तरीय खेलकुद विकास निर्देशक समिति भन्नाले ऐनको दफा ३ बमोजिम गठित समितिलाई संझनु पर्छ।

(ग) "तामाकोशी खेलकुद व्यवस्थापन समिति भन्नाले " ऐनको दफा ६ बमोजिम गठन भएको समितिलाई सम्झिनु पर्दछ ।

(ग) वडास्तरीय खेलकुद विकास समिति भन्नाले ऐनको दफा ९(१) बमोजिम गठन भएको समितिलाई सम्झिनु पर्दछ ।

## परिच्छेद —२

### गाउँपालिका स्तरीय खेलकुद विकास निर्देशक समितिको गठन, काम, कर्तव्य र अधिकार

**(३) निर्देशक समितिको गठन :-**

तामाकोशी गाउँपालिकामा खेलकुदको विकास तथा खेलकुदका योजना कार्यान्वयनको नियमन गर्नका लागि देहाय बमोजिमको ५ सदस्यीय गाउँपालिकास्तरीय खेलकुद विकास निर्देशक समितिको गठन हुनेछ :-

(क) गाउँपालिकाब अध्यक्ष — अध्क्षय

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) गाउँपालिकाभित्र खेलकुद क्षेत्रमा योगदान पुर्याउने विशिष्ट व्यक्ति मध्येबाट अध्यक्षले मनोनित गरेको १जना —

सदस्य

(छ) शिक्षा शाखाबाट तोकिएको कर्मचारी -

सदस्य-सचिव

**(४) समितिको काम, कर्तव्य र अधिकार :-**

(क) गाउँपालिका क्षेत्रभित्र खेलकुद सम्बन्धी योजना ,कार्यक्रमको व्यवस्थापन र सञ्चालनको नियमन गर्ने ।

(ख) खेलकुदको विकास र प्रबर्धनका लागि सरोकारवाला निकाय, संघ संस्था, व्यक्तिहरूसँग आवश्यक समन्वय गर्ने।

(घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने ।

(ज) खेलकुद विकाससँग सम्बन्धित अन्य विभिन्न कार्यहरू गर्ने, गराउने ।

**(५) समितिको बैठक सम्बन्धी कार्यप्रणाली :-**

(क) समितिको बैठक बर्षमा ३ पटक बस्नेछ ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(ङ) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका (माइन्यूट) मा अभिलेख गरिनेछ , बैठक पुस्तिका सदस्य-सचिवले प्रमाणित गरी सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद-३

### गाउँपालिका स्तरीय खेलकुद व्यवस्थापन समिति गठन,काम,कर्तव्य र अधिकार

**(६) गाउँपालिका भित्र खेलकुद कार्यक्रम व्वस्थापन र संचालन गर्न देहाय बमोजिमको ११ सदस्यीय समिति रहनेछः-**

(क) गाउँपालिका भित्र खेलकुद क्षेत्रमा योगदान पुर्याउने विशिष्ट व्यक्ति मध्येबाट अध्यक्षले मनोनित गरेको १जना — संयोजक

(ख)गाउँकार्यपालिकाबाट मनोनित कार्यपालिका सदस्य-३ जना

(घ) खेलकुदको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका वा जिल्ला स्थित विभिन्न खेलसँग सम्बन्धित संघ संस्थामा रही कार्य गरेका व्यक्तिहरू मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका सदस्य — २

(ङ) आदिबासी जनजाती, महिला, दलित तथा अल्पसंख्यक समुदाय, फरक क्षमता तथा सिमान्तकृत वर्गको समेत संलग्नता रहने गरी गाउँकार्यपालिकाले मनोनित गरेका सदस्य — २

(च) खेलकुदसँग सम्बन्धित महिलाहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेका महिला सदस्य — २

(छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा शाखाको कर्मचारी — सदस्य सचिव

**६(१) गाउँपालिकास्तरीय खेलकुद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) आवश्यकता अनुसार बैठक गर्ने ।

(खं) गाउँपालिका क्षेत्र र कार्य जिम्मेवारी अनुसार विभिन्न तहका खेलकुद सम्बन्धी कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्ने ।

(ग) खेलकुद सम्बन्धी नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने ।

(घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने ।

(ङ) अन्तरपालिका स्तरीय खेलकुद कार्यक्रममा सहभागिताको लागि खेलाडी तयार गरी सहभागिता गराउने ।

(च) समितिबाट भए गरेका गतिविधिहरूको वार्षिक, अर्धवार्षिक रूपमा समीक्षा गर्ने, गराउने ।

(ञ) अन्य भैपरि आएका विभिन्न कार्यहरू गर्ने, गराउने ।

**(७) संयोजकको काम, कर्तव्य र अधिकारः-**

गाउँपालिका स्तरीय खेलकुद व्यवस्थापन समितिको संयोजकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समितिको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने

(ख) समितिको आन्तरिक तथा बाह्य व्यवस्थापनका लागि आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्ने, गराउने

(ग) समितिलाई आवश्यक पर्ने सूचना तथा विवरण संकलन गर्ने, गराउने ।

(घ) निर्देशक समिति तथा समितिका अध्यक्षले समय समयमा दिएका वा गरेका निर्णय, निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(च) समितिका प्रशासकीय श्रेस्ताहरू र माइन्युट चुस्तदुरूस्त राख्ने ।

(छ) सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरूसँग आवश्यक समन्वय गर्ने ।

(ज) समितिबाट जारी गर्नुपर्ने सूचना तथा पत्राचारको सम्बन्धमा सदस्य सचिवसँग समन्वय गर्ने ।

(ञ) आवश्यक प्रतिवेदन तयार गर्न समितिमा छलफल पेश गर्ने ।

**(८) सदस्य — सचिवको काम, कर्तव्य र अधिकारः**

गाउँपालिका स्तरीय खेलकुद व्यवस्थापन समितिका सदस्य — सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) संयोजकको सहमतिमा समितिको बैठक आव्हान गर्ने ।

(ख) समितिको बैठक संचालनको लागि आवश्यक व्यवस्था गर्ने गराउने।

(ग) समितिलाई आवश्यक पर्ने सूचना तथा विवरण संकलन गर्ने, गराउने ।

(घ) समितिको कामकार्वाहीको सम्बन्धमा निर्देशक समितिलाई जानकारी गर्ने, गराउने ।

(ङ) समिति तथा संयोजक प्रति पूर्ण रूपमा उत्तरदायी हुने ।

(च) समितिका प्रशासकीय श्रेस्ताहरू र माइन्युट चुस्तदुरूस्त राख्ने ।

(छ) सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरूसँग आवश्यक समन्वय गर्ने ।

(ज) समितिबाट जारी गर्नुपर्ने सूचना तथा पत्राचार गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने ।

(झ) समिति वा समितिका संयोजकले तोके बमोजिमका अन्य भैपरि आउने कार्यहरू गर्ने ।

(ञ) आवश्यक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

## परिच्छेद-४

### वडास्तरीय खेलकुद विकास समिति गठन,काम,कर्तव्य र अधिकार

**(९) वडास्तरीय खेलकुद विकास समिति गठन देहाय बमोजिम हुनेछः**

१.वडा भित्र खेलकुद कार्यक्रम व्वस्थापन र संचालन गर्न देहाय बमोजिमको ५ सदस्यीय समिति रहनेछः-

(क) सम्बन्धित वडाको  वडा अध्यक्षले वडाभित्र क्रियाशील युवा क्लबको सदस्य मध्येबाट मनोनित गरेको  - संयोजक

(ख) वडा समिति  सदस्य-१ जना

(ग) खेलकुदसँग सम्बन्धित व्यक्ति मध्येबाट वडा अध्यक्षले मनोनित गरेका महिला र दलित सदस्य — २

(घ) वडा सचिव  — सदस्य सचिव

**२. वडास्तरीय खेलकुद विकास समितिको काम,कर्तव्य र अधिकार**

(क) आवश्यकता अनुसार बैठक गर्ने ।

(खं) वडा क्षेत्र र कार्य जिम्मेवारी अनुसार विभिन्न तहका खेलकुद सम्बन्धी कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्ने ।

(ग) खेलकुद सम्बन्धी नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिको लागि गाउँपालिकास्तरीय खेलकुद व्यवस्थापन समितिमा पेश गर्ने ।

(घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने ।

(ङ) गाउँपालिका स्तरीय खेलकुद कार्यक्रममा सहभागिताको खेलाडी तयार गरी सहभागिता गर्ने।

## परिच्छेद — ५
## कार्य सञ्चालन गर्ने क्षेत्र

**(१०) कार्य क्षेत्र :-**

(१) गाउँपालिकास्तरीय खेलकुद विकास, व्यवस्थापन तथा सञ्चालनको कार्य क्षेत्र तामाकोशी गाउँपालिका हुनेछ ।

(२) खेलकुद विकास, व्यवस्थापन तथा संयोजन र सञ्चालनको प्रकृति देहायबमोजिम हुनेछ :-

(क) वडास्तरीय खेलकुद कार्यक्रम ।

(ख) गाउँपालिकास्तरीय खेलकुद कार्यक्रम।

(ग) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता ।

(घ) गाउँपालिकास्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता ।

(ङ) गाउँपालिकाले सञ्चालन गर्नुपर्ने खेलकुदसँग सम्बन्धित अन्य कार्यक्रमहरू ।

**(७) लागत साझेदारी** :-खेलकुद सम्बन्धी कार्यक्रमहरूको आयोजना व्यवस्थापन तथा सञ्चालन गर्दा लागत साझेदारीका आधारमा समेत सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद-६
## सचिवालय सम्बन्धि व्यवस्था

**(११) गाउँपालिकास्तरीय खेलकुद व्वस्थापन समितिको सचिवालय :-**

गाउँपालिकास्तरीय खेलकुद व्वस्थापन समिति र सचिवालयको कार्यालय तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा,युवा तथा खेलकुद शाखामा रहनेछ ।

**(१२) कोषको स्थापना र परिचालन :-**

(क) गाउँपालिकास्तरीय खेलकुद व्यवस्थापन समितिको नामबाट एउटा छुट्टै कोषको स्थापना गरी कुनै एक बैंकमा खाता खोलिने छ ।

(ख) कोषको सञ्चालन संयोजक र सदस्य—सचिव २ जनाको संयुक्त दस्तखतबाट गरिने छ ।

(ग) कोषमा जम्मा हुन आएको रकमबाट समितिको निर्णयानुसार समितिहरूले आफ्नो प्रशासनिक खर्च गर्न सक्नेछ ।

(१३) समितिको छाप : गाउँपालिकास्तरीय खेलकुद व्यवस्थापन समितिको नाममा एउटा छुट्टै छाप रहनेछ ।

## परिच्छेद :-७
## विविध

**(१४) विशेष व्यवस्था :-**

यस ऐन जुनसुकै व्यवस्था भएपनि खेलाडीहरूको छनौट गर्दा,रेफ्रीहरूको छनौट गर्दा वा योग्यता निर्धारण गर्दा र खेलहरूको नियम बनाउँदा संघीय खेलकुद विकास ऐन तथा प्रदेश ऐन बमोजिमको व्यवस्था अवलम्बन गरिनेछ ।

**(१५) समन्वयको अवस्था:-**

खेलकुदको विकास र प्रवर्धनको लागि तामाकोशी खेलकुद व्यवस्थापन समितिले सरोकारवाला निकाय,संघसंस्थाहरूसँग आवश्यक समन्वय गर्नेछ ।

**(१६) बचाउ तथा खारेजीः** यो ऐन लागु हुनुपूर्व गाउँकार्यपालिकाको निर्णय बमोजिम खेलकुद क्षेत्रसँग सम्बन्धित काम कार्बाहीहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

**(१७) ऐनमा संशोधन र हेरफेर**

(१) गाउँपालिकाले आवश्यक ठानेका बखत गाउँसभाबाट यस ऐनमा संशोधन र हेरफेर गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः २०७८।०१।३१**

**आज्ञाले,**
**निमेष मिश्र**
**प्रमुख प्रशासकीय अधिकृत**